अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: १० ,  संख्या: ०६ ,  गोरखा, असार २४ गते २०८३ साल

**भाग- २**

**अजिरकोट गाउँपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले "अजिरकोट गाउँपालिका आर्थिक ऐन, २०८३" वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# अजिरकोट गाउँपालिका

# अजिरकोट गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको आर्थिक ऐन, २०८३

## अजिरकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## भच्चेक, गोरखा
## गण्डकी प्रदेश, नेपाल
## २०८३

| |
|---|
| गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०३/२४ |

# अजिरकोट गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको आर्थिक ऐन, २०८३

**प्रस्तावना :** अजिरकोट गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका लागि स्थानीय कर , शुल्क , दस्तुर र जरिवाना संकलन गर्न , छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले , नेपालको संविधानको धारा २२८ बमोजिम अजिरकोट गाउँ सभाले यो ऐन जारी गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "अजिरकोट गाउँपालिका आर्थिक ऐन, २०८३ " रहेको छ ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि अजिरकोट गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।

**२. सम्पति कर** : अजिरकोट गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम घर र जग्गामा सम्पति कर लगाई असुल उपर गरिनेछ। घरको मूल्यांकन घरको बनौटको आधारमा ह्रास कट्टी गरिनेछ ।

**३. भूमि कर (मालपोत) :** अजिरकोट गाउँपालिका क्षेत्रभित्र सम्पति कर लाग्ने घरजग्गा बाहेक अन्य जग्गामा अनुसूची (२) बमोजिम भूमिकर ( मालपोत ) लगाई असुल उपर गरिनेछ ।

**४. बहाल कर :** अजिरकोट गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन , घर ,पसल , ग्यारेज , वर्कसप , गोदाम , टहरा , सेड , जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा हुने आम्दानी र आम्दानी हुने गरी अन्य कुनै सम्पति बहालमा दिएकोमा अनुसूची (३) बमोजिम बहाल कर लगाई असुल उपर गरिनेछ ।

**५. व्यवसाय कर :** अजिरकोट गाउँपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग , व्यापार, व्यवसाय , सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति , संघसंस्था वा निकायलाई व्यवसायिक प्रकृति , आर्थिक कारोबार , स्थान विशेष र लगानीका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ । त्यसरी व्यवसाय कर असुल गर्दा बैंक तथा वित्तीय संस्था र सुपर मार्केटहरुको हकमा प्रत्येक कारोबार स्थलमा कारोबारको स्थलमा कारोबारको आधारमा अलग अलग ईकाइ मानी असुल उपर गरिनेछ ।

**६. जडिबुटी , कवाडी र जीवजन्तु कर :** अजिरकोट गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाई असुल उपर गरिनेछ । तर प्रचलित कानूनले निषेध गरिएकाको हकमा भने उल्लेखित व्यवस्था लागू हुने छैन ।

**७. सवारी साधन कर :** (१) प्रदेश आर्थिक ऐनमा तोकिएको दरमा प्रदेश सरकारले संकलन गरेको करबाट बाँडफाँड भई अजिरकोट गाउँपालिकालाई प्राप्त हुने सवारी साधन करको रकम अजिरकोट गाउँपालिकाको सञ्चित कोषमा दाखिला गरिनेछ।

(२) अजिरकोट गाउँपालिकामा दर्ता भएका टाँगा , रिक्सा , अटो रिक्सा र इ रिक्साबाट अनुसूची (६) बमोजिम सवारी साधन कर लगाई असुल उपर गरिने छ ।

**८. विज्ञापन कर :** अजिरकोट गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरन्जन व्यवसायमा प्रदेश सरकारले तोकेको दरमा अनुसूची (७) बमोजिमका विज्ञापन कर लगाई असुल उपर गरिनेछ ।

**९.मनोरन्जन कर :** अजिरकोट गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरन्जन व्यवसायमा प्रदेश सरकारले तोकेको दरमा अनुसूची (८) बमोजिमका मनोरन्जन कर लगाई असुल उपर गरिनेछ ।

**१०. बहाल बिटौरी शुल्क :** अजिरकोट गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण , रेखदेख वा सन्चालन गरेका सार्वजानिक ऐलानी पर्ती जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्वमा अनुसूची (९) मा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ ।

**११. सवारी साधन पार्किङ शुल्क :** अजिरकोट गाउँपालिका क्षेत्रभित्र कुनै पनि सवारी साधनलाइ पार्किङ सुविधा उपलव्ध गराए वापत अनुसूची (१०) बमोजिम सवारी साधन पार्किङ शुल्क लगाइ असुल उपर गरिनेछ । साथै पार्किङ व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले अजिरकोट गाउँपालिकाबाट पूर्व अनुमति लिएको हुनुपर्नेछ ।

**१२. सेवा शुल्क दस्तुर :** अजिरकोट गाउँपालिकाले निर्माण , सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए बमोजिम शुल्क लगाई असुल उपर गरिनेछ ।

**१३. कर तथा शुल्क संकलन कार्यविधि :** यस ऐनमा व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस ऐनसँग नबाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धमा अजिरकोट गाउँपालिकाको कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**१४. बिक्री तथा बातावरण शुल्कः** अजिरकोट गाउँपालिकाकाले आफ्नो क्षेत्रभित्र वा वाहिर काठ दाउरा, कटिङ ढुङ्गा, पशु उपज तथा अन्य विक्रि अनुसूची १५ मा व्यवस्था भए अनुसार बिक्रि कर शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्य व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१५. अन्य व्यवस्था :** (१) अजिरकोट गाउँपालिकाका शाखा , वडा तथा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर, दण्ड जरिवानालाई सेवासँग आवद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गरिनेछ ।

(२) अन्य स्थानीय तहमा कानून बमोजिम दर्ता वा नवीकरण भएका कम्पनी , फर्म , संघसंस्थाहरुले सार्वजानिक खरिद पक्रियामा सहभागी हुन अजिरकोट गाउँपालिकामा सूची दर्ता अनिवार्य हुनु पर्नेछ ।

(३) अजिरकोट गाउँपालिकाद्धारा विनियोजित बजेट सदुपयोग गर्दै उपभोक्ता समिति मार्फत सवारी साधन प्रयोग नगरी कार्यान्वयन हुने आयोजनाहरुमा प्रयोग भएका स्थानीय ढुंगा , गिट्टी तथा बालुवा एवम दहत्तर बहत्तरको रोयल्टीमा शतप्रतिशत छुट दिईनेछ ।

**१६. यसै ऐन बमोजिम भएको मानिने :** यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

**१७. नियम वा कार्यविधि बनाउन सकिने :** अजिरकोट गाउँपालिकाको कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

**१८. साविक बमोजिम हुने :** यस ऐनमा उल्लिखित व्यवस्था यसै बमोजिम र उल्लिखित नभएको हकमा साविक बमोजिम नै हुनेछ ।

**१९. बाधा अडकाउ फुकाउ :** यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा अजिरकोट गाउँपालिकाको कार्यपालिकालाई बाधा अडकाउ फुकाउने अधिकार रहनेछ ।

**२०. खारेजी :** साविकमा अजिरकोट गाउँपालिकाले लागू गर्दे आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकुल देखिएमा प्रतिकुल भएको हदसम्म खारेज हुनेछन्

आज्ञाले,

ज्ञानुराम पन्थी

प्रशासकीय अधिकृत